# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, भदौ २६ गते, २०७४ साल (संख्या २४

## भाग ३

### नेपाल सरकार
### संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको
### सूचना–१

निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (सातौं संशोधन) नियमावली, २०७४

निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि), नियमावली २०५८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि)(सातौं संशोधन) नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि), नियमावली, २०५८ को नियम २ मा संशोधन : निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (घ) र (ङ) को सट्टामा देहायका खण्ड (घ) र (ङ) राखिएका छन्:-

"(घ) "कार्यालय" भन्नाले जिल्ला प्राविधिक कार्यालय सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता समिति" भन्नाले गाउँपालिका तथा नगरपालिकामा सञ्चालन हुने कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूमध्येबाट त्यस्तो कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गर्न प्रचलित कानून बमोजिम गठित समिति सम्झनु पर्छ ।"

३. मूल नियमावलीको नियम ३ मा संशोधन : मूल नियमावलीको नियम ३ को,-

(१) उपनियम (१ख), (३) र (४) को सट्टा देहायका उपनियम (१ख), (३) र (४) राखिएका छन् :-

"(१ख) कार्यक्रमको लागि प्राप्त बजेटमध्ये एकाउन्न प्रतिशत वा सो भन्दा बढी रकम सम्बन्धित निर्वाचन क्षेत्रमा छुट्याउने व्यवस्थापिका-संसदका समानुपातिक तथा मनोनीत सदस्य मात्र निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ को नियम ३ को उपनियम (२) बमोजिमको कार्यक्रम निर्देशन तथा व्यवस्थापन समितिको सदस्य बन्न सक्नेछ ।

(३) व्यवस्थापिका-संसद सदस्य वा निजको प्रतिनिधिले एक वर्षभित्र कार्यान्वयन गर्न सकिने दश लाख रुपैयाँ वा सो भन्दा बढी लागत भएको कुनै एक कार्यक्रम र एक लाख रुपैयाँ भन्दा बढी लागत भएका बीसवटासम्म कार्यक्रम उपनियम (१) बमोजिम छनौट गरी प्रत्येक आर्थिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वर्षको असोज मसान्तभित्र अनुसूची-१ बमोजिमको कार्यक्रम कार्यान्वयन तालिका बनाई कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

तर सो अवधिभित्र कुनै कारणवस योजना छनौट गरी पेश गर्न नसकेको अवस्थामा मन्त्रालयले योजना पेश गर्ने अवधि बढीमा एक महिना थप गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम कार्यक्रम प्राप्त भएपछि कार्यालयले सो कार्यक्रम वापत रकम निकासाका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयमा लेखी पठाउनु पर्नेछ र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा उपलब्ध भएपछि कार्यालयले अनुसूची-३ बमोजिमको आयोजना अनुगमन तथा व्यवस्थापन खर्च वापतको रकम जिल्ला समन्वय समितिको खातामा जम्मा गरी कार्यप्रगतिका आधारमा कार्यक्रम कार्यन्वयन गर्न सम्बन्धित व्यक्ति वा निकायलाई उपलब्ध गराउनेछ ।"

(२) उपनियम (६) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) आवधिक जिल्ला, गाउँ वा नगर विकास योजना र अन्य क्षेत्रगत योजनाको परिधिभित्र परेको,"

४. <u>मूल नियमावलीको नियम ५ मा संशोधन</u> : मूल नियमावलीको नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छ :-

"५. <u>प्रतिनिधि तोक्न सक्ने</u> : (१) कार्यक्रमको तर्जुमा तथा सञ्चालन सम्बन्धी कार्य गर्नको लागि व्यवस्थापिका-संसद सदस्यले प्रतिनिधि तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रतिनिधि तोकिएकोमा सोको जानकारी सम्बन्धित जिल्ला प्राविधिक कार्यालयलाई दिनु पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ :-

"६. कार्यक्रम सञ्चालन तथा कार्यान्वयन : (१) नियम ३ बमोजिम छनौट भएका कार्यक्रम अनुसूची-२ बमोजिमको ढाँचामा कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) भौतिक पुर्वाधार निर्माण तथा मर्मत सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित विषयको प्राविधिकले तयार गरेको लागत अनुमान बमोजिम र अन्य कार्यक्रमको हकमा प्रचलित कानून तथा मापदण्डको आधारमा सम्बन्धित संस्थाले तयार गरेको प्रस्ताव बमोजिम व्यवस्थापिका—संसद सदस्य वा निजको प्रतिनिधिको सिफारिस र व्यवस्थापिका-संसद सदस्य आफैंले तयार पारेको कार्यक्रम भए सो समेत उल्लेख गरी कार्यालयमा पेश गर्नु पर्नेछ ।

(३) कार्यालयले कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन गर्दा अनुसूची-१ बमोजिमको कार्यान्वयन तालिका बमोजिम कार्यक्रम सञ्चालन गर्नु, गराउनु पर्नेछ ।

(४) यस नियमावली बमोजिम प्राप्त रकम आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभई बाँकी रहेमा त्यस्तो रकम कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाउनु पर्नेछ ।"

६. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छ :-

"७. रकम निकासा र आर्थिक व्यवस्थापन : (१) मन्त्रालयले कार्यक्रम कार्यान्वयनका लागि कार्यालयलाई रकम खर्च गर्ने अख्तियारी पठाई सोको जानकारी सम्बन्धित व्यवस्थापिका-संसद सदस्यलाई दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम कार्यक्रमको लागि निकासा गरेको रकमको खर्च र खाताको सञ्चालन प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानून बमोजिम हुनेछ ।

(३) व्यवस्थापिका–संसद सदस्यले नियम ६ को उपनियम (१) बमोजिम कार्यक्रम पेश गरिसकेपछि व्यवस्थापिका–संसदको कार्यकाल समाप्त भएमा वा अन्य कुनै कारणाले व्यवस्थापिका-संसद सदस्यको पद रिक्त भएमा समेत उक्त कार्यक्रम कार्यान्वयन गर्न बाधा पर्ने छैन ।"

७. मूल नियमावलीको नियम ८ मा संशोधन : मूल नियमावलीको नियम ८ को,-

(१) उपनियम (१) रहेका "पचहत्तर हजार रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "एक लाख रूपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :–

"(२) उपनियम (१) बमोजिम प्रशासनिक कार्यका लागि छुट्याइएको रकम व्यवस्थापिका-संसद सदस्यको सम्पर्क कार्यालयमा काम गर्न नियुक्ति पाएको व्यक्तिलाई तीन किस्तामा उपलब्ध गराइने छ । त्यसरी रकम भुक्तानी गर्दा प्रत्येक किस्तामा प्राप्त रकमको हिसाब बुझाएपछि अर्को किस्ता पाउने गरी कार्यालयले उपलब्ध गराउनेछ ।"

(३) उपनियम (३) झिकिएको छ ।

(४) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(५) कार्यालयले कार्यक्रमको प्राविधिक व्यवस्थापन र अनुगमनको लागि अनुसूची-३ बमोजिमको आयोजना अनुगमन तथा कार्यक्रम व्यवस्थापन खर्च गर्न सक्नेछ ।"

(५) उपनियम (६) झिकिएको छ ।

८. मूल नियमावलीको नियम ८क. मा संशोधन : मूल नियमावलीको नियम ८क. को सट्टा देहायको नियम ८क. राखिएको छ :-

"८क. अनुगमन तथा मूल्याङ्कन : (१) यस नियमावली बमोजिम सञ्चालन गरिएका आयोजना तथा कार्यक्रमको कार्यालय, जिल्ला समन्वय समिति र कार्यक्रममा रकम विनियोजन गर्ने व्यवस्थापिका-संसद सदस्यले अनुगमन र मुल्याङ्कन गर्न सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम कार्यालय, जिल्ला समन्वय समिति तथा व्यवस्थापिका-संसदका सदस्यले गरेको अनुगमन सम्बन्धी विवरण चौमासिक रूपमा मन्त्रालयमा पठाउनु पर्नेछ ।"

९. मूल नियमावलीको नियम ९ मा संशोधन : मूल नियमावलीको नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छ :-

"९. कार्यक्रममा भएको खर्चको फछ्र्यौट र फरफारख : (१) कार्यक्रममा भएको खर्चको बील भौचर सहितको विवरण सम्बन्धित उपभोक्ता समिति वा कार्य सम्पन्न गर्ने निकायले कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) कार्यालयले प्रचलित कानून बमोजिम कार्यक्रम वा योजनाको जाँचपास र फरफारख गर्नेछ ।"

१०. मूल नियमावलीको नियम १० मा संशोधन : मूल नियमावलीको नियम १० को उपनियम (१) र (२) को सट्टा देहायका उपनियम (१) र (२) राखिएक छन् :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) कार्यक्रम कार्यान्वयनको लागि यस नियमावली बमोजिम पेश्की रकम लिने व्यक्ति, उपभोक्ता समिति वा निकायले त्यस्तो कार्यक्रम सम्पन्न गरी प्रचलित कानून बमोजिमको म्यादभित्र खर्चको फाँटबारी सहित पेश्की फछ्यौंटको लागि कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) कार्यालयले उपनियम (१) बमोजिम प्राप्त भएको खर्चको फाँटवारी प्रचलित कानून बमोजिम फछ्यौंट गरी सोको जानकारी व्यवस्थापिका—संसद सदस्यलाई दिनु पर्नेछ ।"

११. <u>मूल नियमावलीको नियम ११ मा संशोधन</u> : मूल नियमावलीको नियम ११ को सट्टा देहायको नियम ११ राखिएको छ :-

"११. <u>लेखा तथा लेखापरीक्षण</u> : (१) मन्त्रालयबाट अख्तियारी प्राप्त भएको रकमको लेखा र सो सम्बन्धी स्रेस्ता कार्यालयमा राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लेखा र सो सम्वन्धी स्रेस्ताको आन्तरिक लेखा तथा अन्तिम लेखापरीक्षण कार्यालयले प्रचलित कानून बमोजिम गर्नु, गराउनु पर्नेछ ।"

१२. <u>मूल नियमावलीको नियम १२ मा संशोधन</u> : मूल नियमावलीको नियम १२ को सट्टा देहायको नियम १२ राखिएको छ :-

"१२. <u>कार्यक्रमको प्रगति समीक्षा</u> : कार्यालयले प्रत्येक चौमासिक समाप्त भएको मितिले सात दिनभित्र कार्यक्रमको प्रगति प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।"

१३. <u>मूल नियमवलीमा अनुसूची थप</u> : मूल नियमावलीमा अनुसूची-२ पछि देहायको अनुसूची-३ थपिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-३

(नियम ३ उपनियम (४) र नियम ८ को उपनियम (५) सँग सम्बन्धित)

आयोजना अनुगमन तथा कार्यक्रम व्यवस्थापन खर्च

| क्रम सङ्ख्या | विवरण (निर्वाचन क्षेत्र भएको सङ्ख्या) | जिल्ला समन्वय समितिको लागि | जिल्ला प्राविधिक कार्यालयको लागि |
|---|---|---|---|
| १ | एक निर्वाचन क्षेत्र भएको जिल्ला | १.५% (एक दशमलव पाँच प्रतिशत) | २.५% (दुई दशमलव पाँच प्रतिशत) |
| २ | तीनवटासम्म निर्वाचन क्षेत्र भएको जिल्ला | १% (एक प्रतिशत) | २% (दुई प्रतिशत) |
| ३ | चारवटासम्म निर्वाचन क्षेत्र भएको जिल्ला (काभ्रेपलाञ्चोक, सुर्खेत, मकवानपुर, कास्की) | ०.७५% (शुन्य दशमलव सात पाँच प्रतिशत) | १.७५% (एक दशमलव सात पाँच प्रतिशत) |
| ४ | झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र काठमाडौं । | ०.५% (शुन्य दशमलव पाँच प्रतिशत) | १.५% (एक दशमलव पाँच प्रतिशत) |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना—२

**निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) (दोस्रो संशोधन) नियमावली, २०७४**

निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) (दोस्रो संशोधन) नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ को नियम २ मा संशोधन : (१) निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ (यस पछि "मूल नियमावली" भनिएको) को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "उपभोक्ता समिति" भन्नाले स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूमध्येबाट त्यस्तो कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गर्न प्रचलित कानून बमोजिम गठित समिति सम्झनु पर्छ ।"

(२) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) "कार्यालय" भन्नाले जिल्ला प्राविधिक कार्यालय सम्झनु पर्छ ।"

(३) खण्ड (घ) झिकिएको छ ।

(४) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ :-

"(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ३ मा संशोधन : मूल नियमावलीको नियम ३ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) उपनियम (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहने छन् :-

(क) निर्वाचन क्षेत्रको निर्वाचित व्यवस्थापिका-संसद सदस्य - संयोजक

(ख) निर्वाचन क्षेत्रमा निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ बमोजिम एकाउन्न प्रतिशत वा सो भन्दा बढी रकम विनियोजन गरेका व्यवस्थापिका-संसदका समानुपातिक वा मनोनीत सदस्यहरू - सदस्य

(ग) जिल्ला प्राविधिक कार्यालयको प्रमुख - सदस्य-सचिव

(२) उपनियम (२ख) मा रहेका "भदौ मसान्तसम्म जिल्ला विकास समितिको कार्यालयलाई" भन्ने शब्दहरूको सट्टा "असोज १५ सम्म कार्यालयलाई" भन्ने शब्दहरू राखी सोही उपनियममा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

४. मूल नियमावलीको नियम ४ मा संशोधन : मूल नियमावलीको नियम ४ को,-

(१) उपनियम (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) गाउँपालिका वा नगरपालिकाको योजना तर्जुमा तथा समीक्षा गर्नको लागि योजना तथा कार्यक्रम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सभामा प्रस्तुत गर्न चैत मसान्तभित्र,"

(२) उपनियम (२) मा रहेको "जिल्ला विकास समितिको" भन्ने शब्दहरु झिकिएका छन् ।

५. मूल नियमावलीको नियम ५ मा संशोधन : मूल नियमावलीको नियम ५ को उपनियम (२), (४), (५), (७), (८) र (९) को सट्टा देहायका उपनियम (२), (४), (५), (७), (८) र (९) राखिएका छन् :-

"(२) उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा समितिले सम्भव भएसम्म एक वर्षभित्र कार्यान्वयन गर्न सकिने आयोजना छनौट गरी अनुसूची-१ बमोजिमको कार्यान्वयन तालिका सहित जिम्मेवारी तोकी चालु आर्थिक वर्षको असोज मसान्तभित्र कार्यालयमा पेश गरिसक्नु पर्नेछ । सो अवधि भित्र कुनै कारणवश योजना छनौट गरी पेश गर्न नसकेको अवस्थामा मन्त्रालयले योजना पेश गर्ने अवधि बढीमा एक महिना थप गर्न सक्नेछ ।

(४) उपनियम (२) बमोजिम आयोजना पेश गर्दा आयोजना सञ्चालन गर्ने निकाय, आयोजना सम्पन्न हुन लाग्ने समय तथा आयोजना सञ्चालन गर्ने तरिका समेत खुलाएको हुनु पर्नेछ ।

(५) उपनियम (२) बमोजिम आयोजना सम्बन्धी कार्यतालिका प्राप्त भएपछि कार्यालयले कार्ययोजना बमोजिमको रकम निकासाका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयमा लेखी पठाउनु पर्नेछ ।कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कार्यप्रगतिका आधारमा निकासा उपलब्ध भएपछि कार्यालयले अनुसूची-३ बमोजिमको आयोजना अनुगमन तथा व्यवस्थापन खर्च वापतको रकम जिल्ला समन्वय समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(७) उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सभाबाट स्वीकृत भएको तर बजेट अभावका कारण कार्यान्वयन हुन नसकेका आयोजना,

(ख) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सभाबाट स्वीकृत भै बजेट विनियोजन भए तापनि पर्याप्त नभएको कारण बजेट थप गर्नु पर्ने आयोजना,

(ग) प्रकोप वा विपद्बाट क्षति भएका वा जोखिममा परेका र सो को पुनः निर्माण, नियन्त्रण र रोकथामका निमित्त बजेट व्यवस्था नभएका तथा बजेट व्यवस्था भए पनि पर्याप्त नभएका आयोजना,

(घ) साविकमा जिल्ला विकास समिति र विषयगत कार्यालयद्वारा सञ्चालित अधुरा योजना ।

(८) उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा देहायका आयोजनालाई समेत प्राथमिकता दिनु पर्नेछ :-

(क) आवधिक विकास योजना र अन्य क्षेत्रगत योजनाको प्राथमिकतामा परेका पूर्वाधार सम्बन्धी आयोजना,

(ख) श्रममा आधारित रोजगारी सिर्जना गर्ने किसिमका पूर्वाधार सम्बन्धी आयोजना,

(ग) बढी जनसहभागिता हुने र उपभोक्ता समितिबाट सञ्चालन र व्यवस्थापन हुने पूर्वाधार सम्बन्धी आयोजना,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) विपद्‌बाट क्षति भएको वा हुन सक्ने समस्यालाई सम्बोधन गर्ने पूर्व तयारी र जोखिम न्यूनीकरण सम्बन्धी आयोजना,

(ङ) एक आर्थिक बर्षमा सम्पन्न हुन सक्ने प्रकृतिका पूर्वाधार सम्बन्धी आयोजना,

(च) सम्बन्धित निर्वाचन क्षेत्रभित्रका नगरपालिका वा गाउँपालिकाले दुई वा सो भन्दा बढी गाउँपालिका वा नगरपालिकालाई फाइदा पुग्ने भनी छनौट गरी दिन अनुरोध गरेका पूर्वाधार सम्बन्धी आयोजना,

(छ) आयोजना छनौट गर्दा गाउँपालिका वा नगरपालिका, साविकको जिल्ला विकास समिति, विषयगत कार्यालय तथा समुदायद्वारा सञ्चालित अधुरा रहेका सार्वजनिक प्रकृतिका पूर्वाधार सम्बन्धी आयोजना ।

(९) कार्यालयले अधुरा आयोजना तथा बजेट परिपुरकको रूपमा गाउँपालिका वा नगरपालिका तथा अन्य निकायहरूसँगको सहकार्यमा कुनै आयोजना कार्यान्वयन गर्दा त्यस्ता आयोजना निर्माण सम्बन्धी विवरण र अवस्थाका सम्बन्धमा सबैले देख्ने गरी कार्यालयको सूचना पाटीमा टाँस्नु पर्नेछ ।"

६. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को,—

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) यस नियमावली बमोजिम सञ्चालन हुने कार्यक्रम प्रचलित कानून बमोजिमको प्रकृया अवलम्बन गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गाउँपालिका वा नगरपालिका, सार्वजनिक संस्था, सहकारी वा निजी क्षेत्र समेतको साझेदारी तथा समन्वयमा सञ्चालन गर्न सकिनेछ ।"

(२) उपनियम (३) झिकिएको छ ।

७. मूल नियमावलीको नियम ८ मा संशोधन : मूल नियमावलीको नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छ :-

"८. कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन : (१) यस नियमावली बमोजिम छनौट भएका कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन कार्यालयबाट हुनेछ ।

(२) कार्यालयले कार्यक्रमको कार्यन्वयन, रेखदेख तथा जाँचपास गर्ने प्रकृया प्रचलित सार्वजनिक खरीद सम्बन्धी कानून बमोजिम हुनेछ ।"

८. मूल नियमावलीको नियम ९ मा संशोधन : मूल नियमावलीको नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छ :-

"९. अख्तियारी सम्बन्धी व्यवस्था : (१) मन्त्रालयले कार्यक्रमको लागि कार्यालयलाई रकम खर्च गर्ने अख्तियारी पठाई सोको जानकारी सम्बन्धित व्यवस्थापिका-संसद सदस्यलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त रकम आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभई बाँकी रहेमा कार्यालयले त्यस्तो रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्नेछ ।

(३) यस नियमावली बमोजिम कार्यक्रम स्वीकृत भइसकेपछि व्यवस्थापिका-संसदको कार्यकाल समाप्ति भएमा वा अन्य कुनै कारणले व्यवस्थापिका-संसद सदस्यको पद रिक्त भएमा पनि त्यस्तो कार्यक्रम कार्यान्वयन गर्न बाधा पर्ने छैन।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९ मूल नियमावलीको नियम १० मा संशोधन : मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छ :-

"१०. सार्वजनिक गर्ने : यस नियमावली बमोजिम छनौट भएका कार्यक्रमहरूको विवरण कार्यालयले सार्वजनिक गरी सोको विवरण कात्तिक पन्ध्र गते भित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।"

१०. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) यस नियमावली बमोजिम सञ्चालित कार्यक्रमको कार्यान्वयन सम्पन्न भएपछि कार्यालयले त्यस्तो कार्यक्रमको सार्वजनिक परीक्षण गर्नु पर्नेछ ।"

११. मूल नियमावलीको नियम १२ मा संशोधन : मूल नियमावलीको नियम १२ को सट्टा देहायको नियम १२ राखिएको छ :-

"१२. लेखा तथा लेखापरीक्षण : (१) मन्त्रालयबाट अख्तियारी प्राप्त भएको रकमको लेखा र सो सम्बन्धी स्रेस्ता कार्यालयले राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त रकमको आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम कार्यालयले गर्नु, गराउनु पर्नेछ ।"

१२. मूल नियमावलीको नियम १३ मा संशोधन : मूल नियमावलीको नियम १३ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) कार्यालयले कार्यक्रमको प्राविधिक व्यवस्थापन र अनुगमनको लागि अनुसूची-३ बमोजिमको रकम आयोजना व्यवस्थापन वापत छुट्याई खर्च गर्न सक्नेछ।"

१३. मूल नियमावलीको नियम १३क. मा संशोधन : मूल नियमावलीको नियम १३क. को सट्टा देहायको १३क. राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१३क. अनुगमन तथा प्राविधिक सम्बन्धी व्यवस्था : (१) कार्यालयले कार्यक्रम अनुगमन गर्ने कार्यका लागि कार्यतालिका र कार्यविधि बनाई तथा प्राविधिक कार्यको लागि लागत अनुमान बनाउन र मूल्याङ्कन गर्न आन्तरिक कार्यविधि बनाई अनुसूची-२ बमोजिमको प्राविधिक कर्मचारी प्रतिस्पर्धाको माध्यमबाट करारमा राख्न सक्नेछ ।

(२) उपनियम (१) को प्रयोजनको लागि आवश्यक पर्ने रकम नियम १३ को उपनियम (१) बमोजिम छुट्टयाइए बमोजिमको आयोजना व्यवस्थापन खर्चबाट व्यहोरिनेछ।

(३) उपनियम (१) बमोजिम प्राविधिकको कार्य विवरण निजलाई करार गर्दाको बखत कार्यालयले तोके बमोजिम हुनेछ ।

(४) उपनियम (१) बमोजिम नियुक्त प्राविधिक कर्मचारीले कार्य विवरण अनुसार सन्तोषजनक काम गरेको नपाइएमा कार्यालयले छानबिन टोली गठन गरी त्यस्तो टोलीले दिएको प्रतिवेदनको आधारमा करार अन्त्य गरी सेवाबाट हटाउन सक्नेछ ।"

१४. मूल नियमावलीको नियम १४ मा संशोधन : मूल नियमावलीको नियम १४ को सट्टा देहायको नियम १४ राखिएको छ :-

"१४. सुपरीवेक्षण तथा अनुगमन : यस नियमावली बमोजिम कार्यान्वयन गरिने कार्यक्रमहरूको सुपरीवेक्षण तथा अनुगमन कार्यालय, जिल्ला समन्वय समिति तथा नियम ३ बमोजिमको समितिमा रहेका व्यवस्थापिका-संसद सदस्यले गर्न सक्नेछन् ।"

१५. मूल नियमावलीको नियम १५ मा संशोधन : मूल नियमावलीको नियम १५ को सट्टा देहायको नियम १५ राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१५. आयोजनाको सम्झौता, पेश्की, प्राविधिक मूल्याङ्कन, जाचँपास र फरफारख : यस नियमावली बमोजिम सञ्चालित कार्यक्रमको सम्झौता, पेश्की, प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारख प्रचलित कानून बमोजिम हुनेछ ।"

१६. मूल नियमावलीमा नियम १५क. थप : मूल नियमावलीको नियम १५ पछि देहायको नियम १५क. थपिएको छ :-

"१५क. कार्यक्रमको प्रतिवेदन तथा प्रगति समीक्षा : कार्यालयले प्रत्येक चौमासिक समाप्त भएको मितिले सात दिनभित्र कार्यक्रमको प्रगति प्रतिवेदन मन्त्रालयले तोकेको ई—रिपोर्टिङ वा वेब वेस्ड रिपोर्टिङ सिस्टमको ढाँचामा मन्त्रालयमा पठाउनु पर्नेछ ।"

१७. मूल नियमावलीको नियम १६ मा संशोधन : मूल नियमावलीको नियम १६ मा रहेका "जिल्ला विकास समितिको कार्यालय" र "निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम अनुगमन समिति" भन्ने शब्दहरू झिकिएका छन् ।

१८. मुल नियमावलीमा अनुसूची थप : मूल नियमावलीमा अनुसूची-२ पछि देहायको अनुसूची-३ थपिएको छः—



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-३
(नियम ५ को उपनियम (५) र नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

आयोजना अनुगमन तथा कार्यक्रम व्यवस्थापन खर्च

| क्रम संख्या | विवरण (निर्वाचन क्षेत्र भएको सङ्ख्या) | जिल्ला समन्वय समितिको लागि | जिल्ला प्राविधिक कार्यालयको लागि |
|---|---|---|---|
| १ | एक निर्वाचन क्षेत्र भएको जिल्ला | १.५%(एक दशमलब पाँच प्रतिशत) | २.५%(दुई दशमलब पाँच प्रतिशत) |
| २ | तीनवटा निर्वाचन क्षेत्र भएको जिल्ला | १%(एक प्रतिशत) | २%(दुई प्रतिशत) |
| ३ | चारवटा निर्वाचन क्षेत्र भएको जिल्ला (काभ्रेपलाञ्चोक, सुर्खेत, मकवानपुर, कास्की) | ०.५%(शुन्य दशमलब पाँच प्रतिशत) | १.७५% (एक दशमलव सात पाँच प्रतिशत) |
| ४ | झापा, मोरङ, सुनसरी, ससरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र काठमाडौं । | ०.५% (शुन्य दशमलव पाँच प्रतिशत) | १.५% (एक दशमलव पाँच प्रतिशत) |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. खारेजी : मूल नियमावलीको नियम १७ खारेज गरिएको छ ।

**आज्ञाले,**
**दिनेश कुमार थपलिया**
**नेपाल सरकारको सचिव**

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।